| २०७७ बैशाख १ देखि असोज ४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७२ | ६४ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | ३७५ | १०० | ४२० |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ४ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७० | ६४ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | ३४० | ९९ | २९८ |
| **२०७७ असोज ४ देखि ५ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | सर्पदंश | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |

# दैनिक विपद् बुलेटिन

४ असोज विहान १०:०० बजेदेखि ५ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज ३ स्थानमा **आगलागी,** १ स्थानमा **अबिरल वर्षा,** १ स्थानमा **पहिरो,** १ स्थानमा **सर्पदंश**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु** भएको छ । **आगलागी**का कारण **२० लाख ३५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ । **पहिरो**का कारण १ स्थानमा **बाटो अवरोध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | ६ | ० | २०,३५,००० | १ | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ६ वटा घट्ना भएका छन् ।
- **बैतडी**को पञ्चेश्वर गाउँपालिका वडा नं ४ घोरेडीका बर्ष ५२ को एक व्यक्तिलाई घर बाहिर आँगनमा सुतिरहेको अवस्थामा **सर्पले दाहिने हातको नाडीमा टोकी** घाईते भई उपचारको लागि स्थानीय बैद्यहरूबाट झारफुक गराई रहेकोमा निजको **मृत्यु** ।
- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं ८ पेलेकपाङस्थित भुकम्पले चर्किएको एक घरको गाह्रो **अबिरल बर्षा**को कारण भत्किई **२ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **मोरङ्ग**को धनपालथान गाउँपालिका वडा नं ५ दादरबैरियास्थित एक ग्वालीघरमा घुरबाट अचानक आगो सल्किन गई **आगलागी** हुँदा ग्वालीघर पुर्ण रुपमा जली गोरु १ वटा मृत्यु भई **७० हजार रुपैंया** बराबरको क्षति ।
- **कैलाली**को चुरे गाउँपालिका वडा नं ६ मुसेचौरस्थित एक कच्ची गाई गोठमा **आगलागी** भई गोठमा रहेको एक हल गोरु जलि मृत्यु, गाई गोठ पुर्ण रुपमा क्षति ।

## घट्ना सारांश...

- **रुपन्देही**को बुटवल उपमहानगरपालिका वडा नं ११ होराईजन चोक नजिकैको एक मोबाईल पसलबाट विजुली सर्ट भई **आगलागी** हुँदा सँगै रहेको लक्ष्मु फर्मेसी समेतमा आगलागी भएको र दुबै पसलको सम्पूर्ण सामान जलि **१६ लाख रुपैंया** बराबरको क्षति ।

## बाटो अवरोध

- अर्घाखाँचीको शितगंगा नगरपालिका वडा नं २ भुवनपाटास्थित **गोरुसिङ्गे सन्धिखर्क सडक खण्ड**मा एक्कासी माथिबाट **सुख्खा पहिरो** आई **बाटो पुर्ण रुपमा अबरोध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको, पहिरोका कारण अवरोध भएको बाटो खुलाउने प्रयास जारी ।

## बाढी पूर्वानुमान

**भोली असोज ६ गते रातीबाट देशका सबै नदीमा बहाव बढ्ने र असोज ७, ८, ९ र १० गते देशैभरका नदीमा बहाव उच्च हुने पूर्वानुमान रहेकोले असोज ७- ११ गते सम्म नदीतटिय क्षेत्रका कृयाकलाप नगर्न वा गर्नुपरेमा अति उच्च सतर्कता अपनाउन हुन अनुरोध छ ।**

असोज-०५ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव केही बढ्ने, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कमला, बागमती र यसका सहायक नदीमा बहाव केही बढ्ने, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कन्काई र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने, कन्काईका केही स-साना सहायक नदीमा आज राती आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।
- आज राती प्रदेश १ को संखुवासभा, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ र आसपास भई बहने केही स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ । साथै आज प्रदेश २ का जिल्लाहरू, आज राती गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, प्रदेश ५ को रोल्पा, रूकुम, प्यूठान, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदुरपश्चिम प्रदेशको डडेलधुरा, बैतडी, दार्चुला र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारका केही स्थानमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।


नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/

## वर्षाको सारांश

असोज ०४ गते बिहान ०८:४५ बजे देखि असोज ०५ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०५ गते बिहान ०८:४५ बजे १९० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ७२ र स्वचालित: ११८) मा मापन गरिएको वर्षाको विवरण अनुसार ३४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (३७.४ मि. मी.) ललितपुर जिल्लाको लेले केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज ५ गते (सोमबार)**

**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्यतया बदली रही केही स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**असोज ६ गते (मंगलबार)**

**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्यतया बदली रही केही स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका केहि स्थानमा भारी वर्षा र प्रदेश नं १ का १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**असोज ७ गते (बुधबार)**

**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्यतया बदली रही धेरै स्थानहरूमा मेघगर्जन/चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना र केही स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**

प्रदेश १, प्रदेश २, बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले ती स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind